# बुटवल पावर कम्पनी लिमिटेड

बुद्धनगर, वानेश्वर, काठमाण्डौ

BUTWAL POWER COMPANY LIMITED

## २६औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरू

**(क) पृष्ठभूमिः**

यस बुटवल पावर कम्पनी लिमिटेडको २६औं वार्षिक साधारण सभा मिति २०७५।०९।२७ (तद्नुसार जनवरी ११, २०१९) शुक्रवार दिनको १०:०० बजे बबरमहल, काठमाण्डौ स्थित कार्की ब्याङ्क्वेटमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष एवं सदस्यहरू, शेयरधनीहरू, कम्पनीका पदाधिकारीहरू, पर्यवेक्षक तथा आमन्त्रित सवै महानुभावहरूको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले २६औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन** :

२६औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरूको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरूको जानकारीको लागि मिति २०७५।९।५ र मिति २०७५।९।६ मा क्रमशः नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरू तथा वार्षिक प्रतिवेदन शेयरधनीहरूको सुविधाको लागि कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो । साथै, सो संक्षिप्त आर्थिक विवरण कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, वानेश्वर तथा शेयर रजिष्ट्रार एनएमवी क्यापिटल लि., नागपोखरी, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो ।

२६औं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थिति** :

अ) **संचालक समितिः**

| | | |
|---|---|---|
| १. | श्री पद्म ज्योति | अध्यक्ष |
| २. | श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. | श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ४. | श्री ओम प्रकाश श्रेष्ठ | संचालक |
| ५. | श्री संदीप कुमार देव | संचालक |
| ६. | श्री विजय बहादुर श्रेष्ठ | वैकल्पिक संचालक |
| ७. | श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

आ) **व्यवस्थापनः**

| | | |
|---|---|---|
| १. | श्री उत्तर कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट, वित्त |
| ३. | श्री टीकाराम भट्ट | भाईस प्रेसिडेण्ट, कर्पोरेट |
| ४. | श्री प्रतिक मान सिंह प्रधान | भाईस प्रेसिडेण्ट, आयोजना तथा व्यवसाय (हाल एससीआईजीमा काजमा कार्यरत्) |
| ५. | श्री प्रकाश कुमार श्रेष्ठ | प्रमुख, उत्पादन |
| ६. | श्री रत्न संभाव शाक्य | मुख्य प्रवन्धक, वित्त |

इ) **शेयरधनीहरुः**

साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरू मध्ये ९७४ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरूको उपस्थिति रहेको थियो ।

**(ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्वः**

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या |
|---|---|---|
| शेयर कित्ताका हिसावले उपस्थिति | २,२१,८६,७२० कित्ता | १,३३,४५,४९४ कित्ता |
| उपस्थित शेयरधनीहरू | ७६,६१८ जना | ९७४ जना |

**(ग) सभाको वैधानिकताः**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार बिधिपूर्वक वार्षिक साधारण सभा बोलाइएको, सोही अनुसार शेयरधनीहरूलाई सभाको सूचना तथा जानकारीहरू दिइएको तथा सभा संचालन गर्नका लागि निर्दिष्ट गणपूरक संख्या समेत पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरूले कम्पनीको २६औं वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी विधिवत् रूपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गऱ्यो ।

कम्पनी सचिवले २६औं वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावहरूको सूची शेयरधनीहरू समक्ष प्रस्तुत गर्नु भयो । साधारण सभाले सो सूचीमा समावेश भएका प्रस्तावहरू छलफल तथा निणर्यका लागि स्वीकृत गऱ्यो ।

**(घ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः**

संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूले संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका प्रस्तावहरूको सूचीमा समावेश भएका विषयहरूमा छलफल गर्नका लागि शेयरधनीहरूलाई अनुरोध गर्नु भएको थियो । शेयरधनीहरू श्री चन्द्र नारायण श्रेष्ठ, श्री गुणराज भट्ट, श्री डमरू वल्लभ घिमिरे, श्री सिब प्रसाद पौडेल, श्री उमेश कुमार रेग्मी, श्री महेन्द्र बहादुर श्रेष्ठ र श्री अर्जुन कुमार ढुङ्गेलले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरणहरू उपर देहायका टिप्पणी तथा जिज्ञासा राख्नु भएको थियो ।

- कम्पनीको वित्तिय अवस्था समेत बलियो हुँदै आएको छ । कम्पनीमा संस्थागत सुशासन रहेको विचार व्यक्त गर्दै आगामी दिनमा बार्षिक साधारण सभा दशै वा तिहारको आसपासमा पर्ने गरी सम्पन्न गर्नका लागि सुझाव दिनु भयो ।
- कम्पनीले नगद लाभांश तथा बोनस शेयर बितरणका लागि प्रस्ताव पेश गरेकोमा सन्तोष व्यक्त गर्दै आगामी दिनहरूमा पनि यसलाई निरन्तरता दिन र यसको अनुपात वरावर गर्न सके राम्रो हुने सुझाव दिनु भयो ।
- जलविद्युत आयोजनाहरूको विकास तथा निर्माणमा विभिन्न साझेदारहरूसंगको सहकार्यमा गर्नु पर्ने हुँदा सो गर्दाका आवस्थामा विचार पुऱ्याएर गर्नका लागि सुझाव दिनु भयो ।
- नगद लाभांश वितरण सदैव ढिला हुने गरेको गुनासो व्यक्त गर्नु भयो र यस पटक नगद लाभांश ढिला नगरी वितरण गर्नका लागि अनुरोध गर्नु भयो ।
- साधारण सभामा संचालक समितिको प्रतिवेदन सबै शेयरधनीहरू पहिलेनै प्राप्त गरी हेर्ने भएको हुँदा सो प्रतिवेदन प्रस्तुत गर्दा संचालक समितिका अध्यक्षले संक्षिप्तरूपमा प्रस्तुत गर्नका लागि सुझाव दिनु भयो ।
- जलविद्युत आयोजनाहरूलाई विकास गर्दाका अवस्थामा पर्यटन प्रवर्द्धनको पक्षलाई समेत आत्मसाथ गर्न सके यसवाट थप फाईदा लिन सकिने संभावना तर्फ ध्यान दिनका लागि अनुरोध गर्नु भयो ।
- कावेली जलविद्युत आयोजनामा आएको ढिलाईका सम्बन्धमा स्पष्ट पार्न अनुरोध गर्नु भयो । त्यसैगरी कम्पनीले चिनिया साझेदारहरूसंग मिलेर लिंदै गरेका नयाँ आयोजनाहरू तथा हिमाल पावर लि.को सन् २०२० पछिको अवस्थाको सम्बन्धमा समेत स्पष्ट पर्नका लागि अनुरोध गर्नु भयो ।

छलफलमा भाग लिने शेयरधनीहरूले आफ्नो राय, प्रतिकृया तथा सुझावहरू राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरू उपर संचालक समितिको तर्फबाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरूलाई सभामा सक्रियरूपमा सहभागी भई व्यक्त गर्नु भएका विचार तथा सल्लाह सुझावका एवं कम्पनीको संचालक समिति प्रति देखाएको विश्वासका लागि धन्यवाद दिनु भयो । अध्यक्षज्यूले तथा उहाँको अनुमति लिएर प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरूका सुझाव तथा जिज्ञासाहरूका सम्वन्धमा निम्न अनुसार स्पष्ट पार्नु भएको थियोः

(१) कम्पनीका आगामी वर्षहरू लगानीका वर्षहरू हुनेछन् । शेयरधनीहरूले प्रतिफलका लागि कुर्नु पर्ने अवस्था समेत आउन सक्छ । यद्यपी कम्पनीले हाल सम्म अवलम्वन गर्दै आएको लाभांश नीतिलाई नितरन्तरता दिने अधिकतम् प्रयास गरिने छ । यस सम्बन्धमा कम्पनीको वित्तिय अवस्था, लगानीको आवश्यकता समेतका आधारमा वस्तुगतरूपमा उपयुक्त निर्णय गरिने छ ।

(२) नगद लाभांश वितरणमा कम्पनीको तर्फवाट ढिलाई भएको छैन । तर, कम्पनी ऐन वमोजिम नेपाल सरकारको स्वीकृति लिएर वितरण गर्नु पर्ने पूर्व शर्त रहेको कारण स्वीकृतिका प्रक्रियामा लाग्ने समयका कारण कम्पनीले अपेक्षा गरे अनुरूप यथाशक्य छिटो नगद लाभांश वितरण हुन नसकेको यथार्थ हो । यस सम्बन्धमा छिटो गर्नका लागि कम्पनी सदैव लागिरहने छ ।

(३) जलविद्युत विकासमा साझेदारी गर्दा सचेतता अपनाउनका लागि दिएको सुझाव अनुरूप हुने गरी कम्पनीले विगत देखीनै साझेदारको उपयुक्त मुल्यांकन गरेर सहकार्य गर्ने गरेको छ । यद्यपी, लगानी आफैमा मौका र जोखिम दुबै भएको हुँदा हामीले जोखिमको व्यवस्थापन कसरी गर्ने भन्ने तर्फ ध्यान दिएर अघि बढ्ने हो । यसमा संचालक समिति तथा व्यवस्थापनले उचित ध्यान दिएको छ । आगामी दिनमा नेपाल सरकार तथा यसका निकायहरूको नीति, नियम तथा निर्णयले समेत सहकार्यको दिशानिर्देश गर्नेछ ।

(४) हिमाल पावर लि.को सन् २०२० पछिको अवस्थाको सम्बन्धमा के कस्तो रणनीति अख्तियार गर्ने भन्ने सम्बन्धमा उक्त कम्पनीले तयारी गरिरहको छ । यस कम्पनीले अल्पमत शेयरधनीका हिसावले गर्नु पर्ने सल्लाह तथा सहयोग उपलब्ध गराउँदै आएको छ र भविश्यमा समेत उपलब्ध गराउने छ ।

(५) कम्पनीले चिनिया साझेदारहरूसंग मिलेर लिएका/प्राप्ती गरेका आयोजनाहरूका विषयमा सबै शेयरधनीहरूलाई जानकारी उपयुक्त समयमा सबै जानकारी गराईने छ । हालै कम्पनीले अपर मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजन विकास गर्ने कम्पनीको शेयर खरिद गरेको विषयमा यहाँहरूलाई जानकारी समेत भई सकेको छ ।

(६) कावेली ए जलविद्युत आयोजनामा यस कम्पनीको अलावा इन्फ्राको एसियाको शेयर लगानी तथा विश्व बैंक तथा अन्तराष्ट्रिय वित्त निगमको ऋण लगानी रहेको छ । आयोजनाको वित्तिय व्यवस्थान गर्नका लागि विगतमा तीन वर्ष समय लागेको तितो तथ्य हामी सामु छ । प्रस्तावित तमोर जलाशय आयोजनाको विषयले पनि यस आयोजनालाई केही प्रभावित गरेको छ । अर्को तर्फ ठेकेदारको कार्यप्रगति सन्तोषजनक हुन सकेको छैन । यसलाई कम्पनीले सर्तकताका साथ हेरिरहेको छ । यस परिपेक्षमा कडा निर्णय लिनु पर्ने अवस्था पनि आउन सक्छ । हामी आयोजना राम्रो होस् भन्ने चाहना र प्रयासमा छौं । आयोजनको निर्माण कार्यमा आएको सुस्तताले गर्दा केही ढिलाई हुने अवस्था आउन सक्ने देखिएको छ ।

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्वन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरू निर्णयार्थ सभामा पेश गर्नु भयो ।

**(च) निर्णयहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

(१) साधारण सभा समक्ष प्रस्तुत संचालक समितिको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७४।०७५ को वित्तिय विवरणहरू सर्वसम्मतिवाट पारित भयो ।

(३) लेखापरीक्षण समितिको सिफारिस वमोजिम सी.एस.सी. एण्ड कम्पनी, काठमाण्डौलाई कम्पनीको आ.व. २०७५।०७६ को वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ अनुसार आवश्यक पर्ने प्रमाणिकरण लगायतका कार्य गर्नका लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको लागि निजको सेवा शूल्क रू ३,५०,०००.०० (तीन लाख पचास हजार रूपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता तथा यातायात खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिवाट पारित भयो ।

(४) संचालक समितिको प्रस्ताव वमोजिम २६औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई आ.व. २०७४।०७५ को खुद नाफावाट चुक्ता पूँजीको १८ (अठार) प्रतिशत नगद लाभांश वितरण गर्ने र सो लांभांश रकम कम्पनीको आ.व. २०७४।०७५ को लाभांश आम्दानीबाट वितरण गर्ने र सो गर्दा बोनस शेयर राउण्ड अफ गर्दा हुने समायोजनालाई समेत गणना गरी वितरण गर्ने सर्वसम्मतिबाट पारित भयो ।

(५) संचालक समितिको सिफारिस वमोजिम का.म.पा. लाजिम्पाट बस्ने श्री तिर्थमान शाक्यलाई स्वतन्त्र संचालकमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो । पदपूर्ति हुन बाँकी एक स्वतन्त्र संचालकको पदमा उपयुक्त व्यक्ति नियुक्त गरी आगामी साधारण सभामा अनुमोदनका लागि पेश गर्नका लागि संचालक समितिलाई अनुरोध गर्ने निर्णय भयो ।

(६) सर्वसाधारण शेयरधनीहरूको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना महिला सहित दुई संचालकको पदको निर्वाचनका लागि संचालक समितिले अधिवक्ता प्रमोद आचार्यलाई निर्वाचन अधिकृत नियुक्त गरि निर्वाचनको प्रक्रिया अगाडि बढाएको थियो । कम्पनी सचिवले निर्वाचनको परिणामको घोषणा गरिदिनका लागि निर्वाचन अधिकृतलाई अनुरोध गर्नु भयो । निर्वाचन अधिकृतले मिति २०७५।९।१६ गते निर्वाचन कार्यक्रम प्रकाशित गरेकोमा उमेद्वारी दर्ता गर्ने पाँच शेयरधनीहरू मध्ये शेयरधनी श्री जगत जंग जि.सी., श्री प्रनिती श्रेष्ठ र श्री सिता श्रेष्ठले तोकिएको समय भित्र आफ्नो उमेद्वारी फिर्ता लिनु भएको र बाँकी उमेद्वारहरू श्री संदीप साह र श्री दिनेश हुँमागाई रहनु भएको हुँदा श्री संदीप साह र श्री दिनेश हुँमागाई सर्वसाधारण शेयरधनीहरूको समूह ग को प्रतिनिधित्व गर्ने संचालक पद दुईमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । साथै, निर्वाचित संचालकहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिनु भयो । सभावाट निर्वाचन अधिकृतले घोषणा गरे अनुरूप श्री संदीप साह र श्री दिनेश हुँमागाईलाई संचालक नियुक्त गर्ने निर्णय भयो ।

**(ख) विशेष प्रस्तावः**

(१) बोनस शेयर (फ्याक्सनलाई समेत राउण्ड अफ गरी) जारी गर्ने प्रयोजनका लागि कम्पनीको हालको चुक्ता पूँजी बृद्दि गरी रू. २,४४,०५,५५,४०० पुऱ्याउने र सो प्रयोजनका लागि कम्पनीको प्रवन्धपत्रको दफा ५(ख) मा निम्न वमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

"५ कम्पनीको शेयरपूँजीः

(ख) कम्पनीको जारी पूँजी रू. २,४४,०५,५५,४०० (दुई अरव चौवालिस करोड पाँच लाख पचपन्न हजार चार सय रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका २,४४,०५,५५४ कित्ता मा विभाजन गरिनेछ ।"

(२) आ.व. २०७४।०७५ को मुनाफा तथा संचित मुनाफा (लाभांश आम्दानीको हिस्सा) वाट चुक्ता पूँजीको १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्ने र सो गर्दा बोनस शेयरको संख्यामा आउने दशमलव पछिको अंकलाई राउण्ड अफ गरी नगद लाभांशमा समायोजन गरी वितरण गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(३) कम्पनीको नियमावलीको नियम १७(क)(ग) लाई देहाय वमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

"१७. स्वतन्त्र संचालकको योग्यता, नियुक्ति, नियुक्ति प्रक्रिया, कार्यकाल र सुविधाः

(क) कम्पनी ऐनमा उल्लेखित योग्यता पुगेको व्यक्ति स्वतन्त्र संचालकको लागि योग्य हुनेछ ।

(ग) स्वतन्त्र संचालकको कार्यकाल अन्य संचालक सरह हुनेछ । एक पटक नियुक्त भएको स्वतन्त्र संचालक पुनः नियक्त हुन सक्नेछ ।"

(४) उल्लेखित पारित विशेष प्रस्ताव नं. १ र ३ को तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था अनुसूची १ र अनुसूची २ मा संलग्न रहेको छ । साथै, उक्त पारित विशेष प्रस्तावहरू कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्दाको अवस्थामा कुनै हेरफेर वा संशोधन गर्न आवश्यक भएमा सो गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले पारित गऱ्यो ।

**(ख) विविधः**

विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शिर्षकमा कुनै निर्णय भएन ।

**(छ) सभा विसर्जनः**

साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरू भएको हुँदा कम्पनी सचिवले २६औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको २६औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरू, संचालक समितिका सहकर्मि सदस्यहरू, व्यवस्थापक तथा कर्मचारीहरू, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरू, तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्वद्व सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरूले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै २६औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको १२:३० बजे विसर्जन भएको थियो ।

| | |
|---|---|
| **(हरि ब.बुढाथोकी)** | **(पद्म ज्योति)** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |